**चौतारा साँगाचोकगढी नगरपालिकाको**
**विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी मिलान मापदण्ड निर्देशिका २०८०**
**स्वीकृत मिति : २०८०/१२/२८**

**प्रस्तावनाः**

चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालन भइ रहेका विद्यालयहरुको नक्साङ्कन, भौगोलिक अवस्था, जनसांख्यिक संरचना, विद्यार्थी संख्या लगायतका विभिन्न पक्षहरुलाई ध्यान दिँदै विद्यालय जाने उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा पुर्‍याई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा प्रत्याभूत गर्ने अभिप्रायले विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी मिलान गर्न वाञ्छनीय भएकाले,

नगर कार्यपालिकाले यो चौतारा साँगाचोकगढी नगरपालिकाको विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी मिलान मापदण्ड निर्देशिका, २०८० जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेदः एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम **"चौतारा साँगाचोकगढी नगरपालिकाको विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी मिलान मापदण्ड निर्देशिका, २०८०"** रहने छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस निर्देशिकामाः-,

(क) **"निर्देशिका"** भन्नाले "चौतारा साँगाचोकगढी नगरपालिकाको विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी मिलान मापदण्ड निर्देशिका, २०८०" सम्झनु पर्छ ।

(ख) **"विद्यालय एकीकरण"** भन्नाले यस निर्देशिकामा तोकिएभन्दा विद्यार्थी संख्या कम भएका विद्यालयलाई अस्थायी रुपमा नजिकैको अर्को विद्यालयमा समायोजन वा गाभ्ने कार्यलाई सम्झनु पर्छ । सो शब्दले कुनै विद्यालयको कुनै एक वा एकभन्दा बढि कक्षालाई नजिकैको अर्को विद्यालयमा एकीकरण गर्ने वा गाभ्ने कार्यलाई समेत जनाउँछ ।

(ग) **"दरबन्दी मिलान"** भन्नाले चौतारा साँगाचोकगढी क्षेत्रभित्र सञ्चालनमा रहेका सार्वजनिक विद्यालयहरुमा रहेको स्थायी शिक्षक दरबन्दी, राहत अनुदान कोटा, संघीय वा प्रदेश वा नगर अनुदान कोटालाई विद्यालयको समकालिन आवश्यकता र अध्ययनरत विद्यार्थी संख्या समेतका आधारमा पुनर्वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्छ ।

(ङ) **"नगर शिक्षा प्रमुख"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्छ ।

(च) **"नगर शिक्षा समिति"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ (संशोधन सहित) को दफा १५ अनुसार गठित नगर शिक्षा समिति सम्झनु पर्छ ।

(छ) **"वडा शिक्षा समिति"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाद्वारा वडास्तरमा शिक्षा सम्बन्धी कार्य गर्न गठित समिति सम्झनु पर्छ ।

(ज) **"शाखा"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(झ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ । सो शब्दले विद्यालयको प्रधानाध्यापक समेतलाई जनाउँछ ।

## परिच्छेद : दुई
## विद्यालय एकीकरण सम्बन्धी व्यवस्था

३. **विद्यालय एकीकरणका मापदण्ड:** (१) विद्यालय एकीकरणका मापदण्ड देहाय बमोजिम हुनेछ :

(क) हाल सञ्चालन भइरहेका विद्यालयहरुका लागि विद्यालय एकीकरण गर्दा निम्न अनुसारको मापदण्ड कायम गर्ने ।

(ख) हाल प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षा सञ्चालन भइरहेका विद्यालयहरुमा बालबिकास कक्षाको निरन्तरता दिने ।

(ग) बालबिकास कक्षामा बालबालिकाको संख्या ५ जनाभन्दा कम भएमा भूगोल हेरी नजिकको अर्को विद्यालयमा एकीकरण गर्ने ।

(घ) कक्षा ३ सम्म सञ्चालित विद्यालयमा प्रति कक्षा १० जना विद्यार्थी हुनुपर्ने । सोभन्दा कम विद्यार्थी भएका विद्यालयमा कक्षा कटौति गर्ने । तर विद्यार्थी संख्या प्रति कक्षा १० जना पुऱ्याउने स्पष्ट आधारसहित कक्षा सञ्चालन गर्नुपर्ने भएमा त्यस्ता विद्यालयमा पुन कक्षा सञ्चालन अनुमति प्रदान गर्ने । यदि प्रति कक्षा १० जना भन्दा कम विद्यार्थी भएका स्थानका बालबालिका अर्को विद्यालयमा जाँदा आधा घण्टा भन्दा बढी हिड्नुपर्ने भएमा त्यस्ता विद्यालयमा कक्षा कटौति नगरी बहुकक्षा विद्यालय घोषणा गरी सञ्चालन गर्ने ।

(ङ) कक्षा ५ सम्म सञ्चालित विद्यालयमा कक्षा ४ देखि ५ सम्म प्रति कक्षा विद्यार्थी संख्या १० जनाभन्दा कम वा कक्षा ४ र ५ मा गरी जम्मा २० जना विद्यार्थी नभएमा  भएमा दुवै कक्षा नजिकैको अर्को विद्यालयमा एकीकरण गर्ने ।

(च) कक्षा ८ सम्म सञ्चालित विद्यालयहरुमा कक्षा ६ देखि ८ सम्म प्रति कक्षा १२ जनाभन्दा कम विद्यार्थी भएमा ती कक्षाहरु नजिकैको विद्यालयमा एकीकरण गर्ने ।

(छ) कक्षा १० सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या प्रति कक्षा १५ जना भन्दा कम भएमा कक्षा ९ र १० नजिकैको अर्को विद्यालयमा एकीकरण गर्ने ।

(ज) कक्षा १२ सम्म सञ्चालित विद्यालयमा कक्षा ११ र १२ मा कुनै पनि ऐच्छिक विषय सञ्चालन गर्नका लागि कम्तीमा १० जना विद्यार्थी हुनु पर्ने । यदि विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या १० भन्दा कम भएमा सो विषय सञ्चालन भएको नजिकैको विद्यालयमा विद्यार्थी पठाउने र उक्त विषयको कक्षा सञ्चालन नगर्ने । त्यसरी सञ्चालन नगरिएको विषय वा अन्य नयाँ विषयमा कम्तिमा १० जना विद्यार्थी पुग्ने सुनिश्चित भएपछि उक्त विषयको पठनपाठन गर्ने अनुमति दिने ।

(झ) विद्यार्थी संख्या कम भइ कक्षा कटौति भएका हकमा विद्यालयले निर्धारित विद्यार्थी संख्या पुऱ्याएमा नगर कार्यपालिकाले पुन कक्षा सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

(२) भौगोलिक विकटता भई बालबालिकाले विद्यालयसम्म पुग्न आधा घण्टाभन्दा बढि समय लाग्ने र बालबालिकाहरु विद्यालय जानबाट बञ्चित हुने अवस्था भएमा उपदफा (१) मा तोकिए भन्दा प्रति कक्षा २ जना कम विद्यार्थी भए पनि त्यस्तो विद्यालयको कक्षा अर्को विद्यालयमा एकीकरण गरिने छैन ।

## परिच्छेदः तीन
## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

४. **प्रारम्भिक बालविकास सहजकर्ताको कोटा निर्धारण तथा व्यवस्थापन गरिनेः** (१) प्रारम्भिक बालविकास सहजकर्ताको कोटा निर्धारण तथा व्यवस्थापन देहायबमोजिम हुनेछः

(क) प्रारम्भिक बालविकास तथा शिक्षामा प्रति कक्षा २० जना बालबालिका राख्ने व्यवस्था मिलाउने । सोही अनुसार बालबिकास सहजकर्ता वा स्वयंसेवक सहजकर्ता व्यवस्थापन गरी बालकक्षामा सहजकर्ताको सुनिश्चितता गरिने छ ।

(ख) तोकिएको संख्याभन्दा १० जना बढी बालबालिका भएपछि सेक्सन छुट्याउने र सोही अनुसार सहजकर्ता वा स्वयंसेवक सहजकर्ता व्यवस्थापन गर्ने ।

५. **आधारभूत शिक्षामा शिक्षक दरबन्दी निर्धारण गरिनेः** (१) आधारभूत शिक्षाको कक्षा १ का लागि निम्नानुसार शिक्षक दरबन्दी वा शिक्षक कोटा निर्धारण गरिने छः

(क) कक्षा १ का लागि न्युनतम १ जना शिक्षक दरबन्दी वा अनुदान कोटा कायम गरी कक्षा शिक्षण व्यवस्था लागू गर्ने ।

(ख) कक्षा १ मा प्रति शिक्षक ३० जना विद्यार्थी कायम गरी सो भन्दा १५ जना बढी भएमा सेक्सन खोल्ने व्यवस्था मिलाउने गरी शिक्षक दरबन्दी निर्धारण गर्ने ।

**(२) आधारभूत शिक्षा कक्षा २ र ३ का लागि निम्नानुसार शिक्षक दरबन्दी वा शिक्षक कोटा निर्धारण गरिने छः**

(क) कक्षा २ र ३ गरी जम्मा विद्यार्थी संख्या २० भन्दा कम भएमा बहुकक्षा शिक्षण व्यवस्था लागू गर्ने र सोको लागि १ जना शिक्षक दरबन्दी वा अनुदान कोटा उपलब्ध गराउने ।

(ख) प्रति कक्षा विद्यार्थी संख्या १० देखि ३० सम्म भएमा २ जना शिक्षक दरबन्दी वा अनुदान कोटा कायम गर्ने । त्यसरी प्रति कक्षा १ जना हुने गरी शिक्षक दरबन्दी सुनिश्चित गरेपछि कक्षा २ र ३ मा पनि कक्षा शिक्षण व्यवस्था लागु गर्ने ।

(ग) कक्षा २ र ३ का लागि प्रति शिक्षक ३० जना विद्यार्थी संख्या कायमर राख्ने । सो संख्याभन्दा १५ जना विद्यार्थी बढी भएमा सेक्सन विभाजन गरी अध्यापन गर्ने आवश्यक संख्यामा शिक्षक दरबन्दी वा अनुदान कोटा वा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने ।

**(३) आधारभूत शिक्षा कक्षा ४ र ५ का लागि शिक्षक दरबन्धी निर्धारण मापदण्ड देहाय बमोजिम हुनेछः**

(क) कक्षा ४ र ५ का लागि प्रति कक्षा १ वटाका दरले जम्मा २ वटा शिक्षक दरबन्दी वा अनुदान कोटा वा स्वयंसेवक शिक्षक कोटा निर्धारणा गरी सोही बमोजिम शिक्षक व्यवस्थापन गर्ने ।

(ख) कक्षा ४ र ५ का लागि प्रति शिक्षक ३० जना विद्यार्थी संख्या कायम राख्ने । सो संख्याभन्दा १५ जना विद्यार्थी बढी भएमा सेक्सन विभाजन गरी अध्यापन गर्ने आवश्यक संख्यामा शिक्षक दरबन्दी वा अनुदान कोटा वा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने ।

(ग) कक्षा ४ र ५ मा प्रति कक्षा १० जना भन्दा कम विद्यार्थी भएमा उक्त कक्षालाई नजिकको विद्यालयमा एकीकरण गर्ने ।

**(४) आधारभूत शिक्षा कक्षा ६ देखि ८ सम्मका लागि शिक्षक दरबन्दी वा शिक्षक कोटा निर्धारण देहाय बमोजिम हुने छः**

(क) आधारभूत शिक्षा कक्षा ६ देखि ८ सम्मका लागि न्यूनतम ४ जना शिक्षक दरबन्दी कायम गर्ने । त्यसरी शिक्षक दरबन्दी निर्धारण गर्दा उपलब्ध दरबन्दीले नपुग भएमा अनुदान कोटा वा स्वयंसेवक शिक्षक उपलब्ध गराउने ।

(ख) आधारभूत शिक्षा कक्षा ६ देखि ८ प्रति शिक्षक ३० जना विद्यार्थी कायम गर्ने । सो संख्यामा १५ जना बढी विद्यार्थी भएमा सेक्सन विभाजन गरी अध्यापन गर्ने गरी आवश्यक संख्यामा शिक्षक दरबन्दी वा अनुदान कोटा वा स्वयंसेवक शिक्षक उपलब्ध गराउने व्यवस्था मिलाउने

६. **माध्यमिक शिक्षामा शिक्षक दरबन्दी वा शिक्षक कोटा निर्धारण गरिने:** (१) माध्यमिक शिक्षा अन्तर्गत कक्षा ९ र १० का लागि शिक्षक दरबन्दी वा शिक्षक कोटा निर्धारण देहाय बमोजिम हुनेछ:

(क) माध्यमिक शिक्षा कक्षा ९ र १० का लागि ५ जना विषयगत शिक्षक दरबन्दी निर्धारण गर्ने ।

(ख) माध्यमिक शिक्षा कक्षा ९ देखि १० सम्म प्रति शिक्षक ३० जना विद्यार्थी कायम गर्ने । सो संख्यामा १५ जना बढी विद्यार्थी भएमा सेक्सन विभाजन गरी अध्यापन गर्ने गरी आवश्यक संख्यामा शिक्षक दरबन्दी वा अनुदान कोटा वा स्वयंसेवक शिक्षक उपलब्ध गराउने व्यवस्था मिलाउने ।

**(२) माध्यमिक शिक्षा कक्षा ११ र १२ का लागि शिक्षक दरबन्दी वा शिक्षक कोटा निर्धारण देहाय बमोजिम हुने छ:**

(क) माध्यमिक शिक्षा कक्षा ११ र १२ का लागि ३ जना विषयगत शिक्षक दरबन्दी वा अनुदान कोटा निर्धारण गर्ने ।

(ख) माध्यमिक शिक्षा कक्षा ११ देखि १२ प्रति शिक्षक ३० जना विद्यार्थी कायम गर्ने । सो संख्यामा १५ जना बढी विद्यार्थी भएमा सेक्सन विभाजन गरी अध्यापन गर्ने गरी आवश्यक संख्यामा शिक्षक दरबन्दी वा अनुदान कोटा वा स्वयंसेवक शिक्षक उपलब्ध गराउने व्यवस्था मिलाउने

(ग) माध्यमिक शिक्षा कक्षा ११ र १२ मा ऐच्छिक विषयमा कम्तीमा १० जना विद्यार्थी हुनुपर्ने व्यवस्था गर्ने ।

(घ) शिक्षक दरबन्दी वा अनुदान कोटा निर्धारण गर्दा एउटा ऐच्छिक विषयको समूहमा कम्तीमा ८ र बढीमा ३० जना विद्यार्थी रहने गरी कायम गर्ने ।

## परिच्छेदः चार
## शिक्षक सरुवा सम्बन्धी व्यवस्था

७. **दरबन्दी मिलानको क्रममा शिक्षक सरुवा गरिने:** (१) शिक्षक दरबन्दी मिलानको क्रममा स्थायी, राहत अनुदान कोटा, संघीय, प्रदेश वा नगरपालिका अनुदान कोटामा कार्यरत स्थायी वा करार शिक्षकलाई नगर कार्यपालिकाको कार्यालयले सरुवा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा दरबन्दी वा अनुदान कोटा कटौति भएका विद्यालयमा सबभन्दा कम समयावधि कार्य गरेका कनिष्ठ शिक्षकलाई सरुवा गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै शिक्षकलाई निजको मागको आधारमा वा विद्यालयको आवश्यकताको आधारमा सरुवा गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम सरुवा गर्दा निम्न माध्यमिक र माध्यमिक शिक्षकको हकमा विषय मिल्ने गरी गर्नु पर्नेछ ।

## परिच्छेद : पाँच
## विविध

८. **स्मार्ट शिक्षा लागु गरिने:** (१) माध्यमिक शिक्षाको कक्षा ११ र १२ मा नगरपालिकाभरका विद्यार्थीलाई एकै ठाउँबाट अध्यापन गर्ने गरी अन्लाइन तथा अफलाईन माध्यमबाट कक्षा सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्मार्ट शिक्षा लागु गर्दा देहाय बमोजिमको व्यवस्था गरिने छ:

(क) विद्यालयमा इन्टरनेट र स्मार्ट बोर्डको व्यवस्था गर्ने,

(ख) विद्यार्थी भर्ना सबै विद्यालयले आ आफ्नै विद्यालयमा गर्ने,

(ग) नगर शिक्षा शाखाले शिक्षणका लागि विद्यालयगत रुपमा विषयहरु बाँडफाँड गरिदिने,

(घ) विषयगत शिक्षकले तोकिएको विद्यालयमा पढाउने र त्यसको अन्लाईन र अफलाईन कनेक्सन सबै विद्यालयसँग गराई सबै विद्यार्थीहरुलाई एकसाथ अध्यापन गर्ने व्यवस्था मिलाउने,

(ङ) प्रत्येक विषय शिक्षकले अध्यापन गरेको भिडियो रेकर्ड गरी विद्यालयमा राख्ने र ती भिडियोहरु नगरभित्रका सबै विद्यार्थीलाई उपलब्ध गराउने,

९. **निर्देशिकाको कार्यान्वयन, अनुगमन तथा सहजीकरणः** (१) विद्यालय एकीकरण सम्बन्धमा नगर कार्यपालिका तथा नगर शिक्षा समितिबाट भएको निर्णयको कार्यान्वयनमा सहजीकरण गर्ने र सो सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी वडा शिक्षा समितिको हुनेछ ।

(२) विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी मिलान सम्बन्धमा नगर कार्यपालिका, नगर शिक्षा समिति र नगर कार्यपालिकाको कार्यालयबाट भएका निर्णय कार्यान्वयन तथा निर्देशन पालना गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

(३) यस निर्देशिकामा तोकिएको मापदण्ड बमोजिम विद्यालयको कक्षा वा तह एकीकरण गर्ने, थप गर्ने, विद्यालयगत शिक्षक दरबन्दी वा कोटा निर्धारण गर्ने लगायतका कार्य नगर शिक्षा समितिले गर्नेछ ।

१०. **महिला शिक्षकद्वारा सञ्चालित विद्यालय सम्बन्धी व्यवस्थाः** (१) नगर शिक्षा समितिले नगरभित्रका कुनै विद्यालयलाई महिला शिक्षकáारा सञ्चालित विद्यालय घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विद्यालयका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको कार्यकारी समितिमा महिलाहरुको प्रतिनिधित्व अधिक बनाउन महिलालाई प्राथमिकता दिन सकिने छ ।

११. **बाधा अड्काउ फुकाउने अधिकारः** यो निर्देशिका कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर शिक्षा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. **निर्देशिकामा संशोधनः** यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।